श्रीमान् रजिष्ट्रार ज्यू,
मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान
हेटौंडा

श्रीमान,

त्यस कार्यालयलाई आवश्यक परेको घर भाडामा लिनको लागि मिति २०७७/०९/०५ मा प्रथम पटक सूचना प्रकाशित भए बमोजिम यसै साथ निवेदन पेश गरेको छु/छौं । हाम्रो दररेट यसै साथ संलग्न फारममा उल्लेख गरिएको छ । म/हामी घर भाडामा यसै फारममा उल्लेखित शर्तहरुको अधिनमा रहि दिन मञ्जुर छु/छौं ।

हाम्रो विवरण निम्न बमोजिम छ :-

घर धनीको नाम :-

ठेगाना :-

सम्पर्क नं.:

स्थाई लेखा नं.:

हस्ताक्षर :-

मिति :-

फर्म वा कम्पनीको छाप :-
(फर्म वा कम्पनी घरधनी भएमा मात्र)

# मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान

Madan Bhandari Academy of Health Sciences

(मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७५ अन्तर्गत स्थापित)

बागमती प्रदेश, हेटौंडा, नेपाल


हेटौंडा

सूचना नं. :-०१ मिति २०७७/०९/०५

## विषय : भवन भाडामा लिने सम्बन्धि सूचना ।

यस मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको अतिथि गृहको लागि निम्न बमोजिमको शर्तमा घरभाडामा लिनुपर्ने भएकोले इच्छुक घरधनीहरु, व्यक्ति तथा संघसंस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र रितपूर्वक शिलबन्दी प्रस्ताव पेश गर्न हुन प्रतिष्ठानको को मिति २०७७/०९/०३ को निर्णयानुसार सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

<u>तपसिल</u>

१. हेटौंडा उपमहानगर पालिकाको बुद्धचोक क्षेत्रबाट बढीमा २ कि.मी. क्षेत्रभित्र पिच वा स्लाब ढलान सडकसँग जोडिएको पक्की भवन हुनुपर्नेछ ।

२. एउटै घरको छुट्टाछुट्टै भएमा संगै रहेको घरमा गरी कम्तिमा ६ कोठा सम्म भएको, कम्तिमा २ कोठामा एउटा स्नानगृह र शौचालय भएको हुनुपर्नेछ ।

३. कम्तिमा ४ वटा चार चक्के सवारी साधन पार्किङ्गको समेत प्रशस्त ठाउँ भएको हुनुपर्नेछ ।

४. घरमा सडक, खानेपानी, विद्युत र कम्पाउण्ड वाल भएको हुनुपर्नेछ ।

५. विद्युतको वैकल्पिक व्यवस्था भएको हुनुपर्नेछ।

६. घरधनीले यस प्रतिष्ठानमा आफै वा वारिसद्वारा दिन चाहेको भाडाको कबोल रकम पेश गर्न सक्नेछ । उक्त प्रस्तावमा घरको नापनक्सा र जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि, चालु आ.व. को कर चुक्ताको निस्सा, व्यक्ति भए नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, फर्म, संस्था वा कम्पनी भए दर्ता, नविकरणको प्रमाणपत्रको प्रतिलिपि, कर चुक्ता प्रमाणपत्र तथा स्थायि लेखा नम्बर खुल्ने कागजात समेत पेश गर्नुपर्नेछ ।

७. घर भाडाको निर्धारण मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान (आर्थिक प्रशासन) नियमावली, २०७७ बमोजिम हुनेछ ।

८. घर भाडामा लिने नलिने सम्बन्धमा अन्तिम निर्णय लिने अधिकार प्रतिष्ठानमा निहित रहनेछ । साथै पेश भएका प्रस्ताव सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा प्रतिष्ठानको निर्णय अन्तिम र मान्य हुनेछ ।

९. प्रस्ताव मिति २०७७ पौष १९ गते कार्यालय समय भित्र प्रतिष्ठान हाल रहेको स्थान हेटौंडा अस्पताल, हेटौडा-१ मा दर्ता गर्नुपर्नेछ ।

१०. निवेदनको ढाँचा र अन्य जानकारीका लागि यस प्रतिष्ठानमा सम्पर्क गर्न समेत जानकारी गराइन्छ ।

(राजेश प्रसाईं)

रजिष्ट्रार

रजिष्ट्रार

# मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान

Madan Bhandari Academy of Health Sciences

(मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७५ अन्तर्गत स्थापित)

बागमती प्रदेश, हेटौंडा, नेपाल


हेटौंडा

सूचना नं. :-02 मिति २०७७/०९/०५

## विषय : भवन भाडामा लिने सम्बन्धि सूचना ।

यस मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको शैक्षिक कार्यक्रम सञ्चालनको लागि निम्न बमोजिमको शर्तमा घरभाडामा लिनुपर्ने भएकोले इच्छुक घरधनीहरु, व्यक्ति तथा संघसंस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र रितपूर्वक शिलबन्दी प्रस्ताव पेश गर्न हुन प्रतिष्ठानको को मिति २०७७/०९/०३ को निर्णयानुसार सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### तपसिल

१. हेटौंडा उपमहानगर पालिकाको बुद्धचोक क्षेत्रबाट बढीमा ४ कि.मी. क्षेत्रभित्र पिच वा स्लाब ढलान सडकसँग जोडिएको पक्की भवन हुनुपर्नेछ ।

२. एउटै घरको छुट्टाछुट्टै भएमा संगै रहेको घरमा गरी कम्तिमा १५ कोठा सम्म भएको, कम्तिमा १० कोठामा एउटा स्नानगृह र शौचालय भएको हुनुपर्नेछ ।

३. भाडामा दिईने घर/ घरहरु कम्तिमा ६ कट्ठा क्षेत्रफल भित्र एउटै बाउण्ड्रीमा हुनुपर्नेछ।

४. सवारी साधन पार्किङ्गको समेत प्रशस्त ठाउँ भएको हुनुपर्नेछ ।

५. घरमा सडक, खानेपानी, विद्युत र कम्पाउण्ड वाल भएको हुनुपर्नेछ ।

६. घरमा कम्तिमा एउटा कोठा ४० जना अट्ने तालिम हल फर्निचर सहितको हुनुपर्ने छ।

७. घरधनीले यस प्रतिष्ठानमा आफै वा वारिसद्वारा दिन चाहेको भाडाको कबोल रकम पेश गर्न सक्नेछ । उक्त प्रस्तावमा घरको नापनक्सा र जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि, चालु आ.व. को कर चुक्ताको निस्सा, व्यक्ति भए नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, फर्म, संस्था वा कम्पनी भए दर्ता, नविकरणको प्रमाणपत्रको प्रतिलिपि, कर चुक्ता प्रमाणपत्र तथा स्थायि लेखा नम्बर खुल्ने कागजात समेत पेश गर्नुपर्नेछ ।

८. घर भाडाको निर्धारण मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान (आर्थिक प्रशासन) नियमावली, २०७७ बमोजिम हुनेछ ।

९. घर भाडामा लिने नलिने सम्बन्धमा अन्तिम निर्णय लिने अधिकार प्रतिष्ठानमा निहित रहनेछ । साथै पेश भएका प्रस्ताव सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा प्रतिष्ठानको निर्णय अन्तिम र मान्य हुनेछ ।

१०. प्रस्ताव मिति २०७७ पौष १९ गते कार्यालय समय भित्र प्रतिष्ठान हाल रहेको स्थान हेटौंडा अस्पताल, हेटौंडा-१ मा दर्ता गर्नुपर्नेछ ।

११. निवेदनको ढाँचा र अन्य जानकारीका लागि यस प्रतिष्ठानमा सम्पर्क गर्न समेत जानकारी गराइन्छ ।

(राजेश प्रसाईं)

रजिष्ट्रार

रजिष्ट्रार

# प्राविधिक/आर्थिक प्रस्तावना

१. निवेदक फर्म वा कम्पनी भए आ.व. २०७७/७८ को लागि नवीकरण गरेको फर्म दर्ता प्रमाण पत्र, स्थाइ लेखा नं. दर्ता प्रमाण-पत्र, २०७६/७७ को कर चुक्ता प्रमाणपत्र, जग्गाधनी लालपूर्जा, घरको कार्य सम्पन्न प्रमाणपत्र र राजश्व तिरेको निस्साको प्रमाणीत प्रतिलिपि निवेदन साथ पेस गर्नु पर्ने छ । उपयुक्त उल्लेखित कागजातहरु पेस नगरेका निवेदकको निवेदन उपर कुनै कारवाही हुनेछैन ।
२. निवेदक व्यक्ति भएमा नागरिकताको प्रमाण पत्र र स्थाई लेखा नं., जग्गाधनी लालपूर्जा, घरको कार्य सम्पन्न प्रमाणपत्र र राजश्व तिरेको निस्साको प्रमाणित प्रतिलिपि समावेश गर्नुपर्नेछ ।
३. निवेदन पेश गर्दा लाग्ने सम्पूर्ण खर्च निवेदक आफैले व्यहोर्नुपर्नेछ ।
४. सम्पूर्ण करहरु निवेदकले नै व्यहोर्नु पर्नेछ । कुनै पनि कर बापत तिरेको रकमको सोधभर्ना दिइने छैन ।
५. प्राप्त हुन आएका निवेदन पूर्णरुपमा स्वीकार गर्ने आंशिक रुपमा स्वीकार गर्ने अथवा पूर्णरुपमा रद्ध गर्ने सम्पूर्ण अधिकार यस कार्यालयलाई रहनेछ ।
६. निवेदकले आफुले पेश गरेको निवेदनको सिलवन्दी खाम बाहिर घरभाडा सम्वन्धि निवेदन भनी उल्लेख गर्नुपर्ने छ साथै उक्त सिलबन्दि खाम बाहिर स्पष्ट रुपमा निवेदन दाताले आफ्नो नाम र ठेगाना समेत उल्लेख गरि पेश गर्नुपर्ने छ ।
७. निवेदन रितपूर्वक भरी निवेदकले निवेदन फारमको प्रत्येक पानाहरुमा नमेटिने मसिले सही गरि फर्म वा कम्पनी भए फर्म वा कम्पनीको छाप समेत लगाई मिति २०७७/०९/१९ गते कार्यालय समय भित्र यस कार्यालयमा सिलबन्दि गरि दर्ता गराई सक्नुपर्ने छ । दर्ता भएको निवेदन मिति २०७७/०९/२० गते विहान ११:०० बजे निवेदक निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ । निवेदक वा निजको प्रतिनिधिहरु उपस्थित नभएपनि निवेदन खोल्न बाधा पर्ने छैन ।
८. केरमेट गरिएका स्थानमा निवेदकले हस्ताक्षर गरी छाप समेत लगाउनुपर्ने छ । अन्यथा त्यस्तो निवेदन अस्वीकृत गरिने छ ।
९. निवेदन स्वीकृत भएको सूचना प्राप्त भएको मितिले ७ (सात) दिनभित्र स्वीकृति निवेदकले सम्झौता गर्न आउनुपर्ने छ । यसरी म्याद भित्र सम्झौता गर्न नआएमा दोश्रो वरियताको फर्मलाइ सम्झौताको लागि सूचित गरिनेछ ।
१०. निवेदन साथ संग्लघन सर्तमा उल्लेख भएका कुराहरुको हकमा उल्लेख भए बमोजिम हुने र यसमा नपरेका कुराहरुको हकमा सार्वजनिक खरीद ऐन तथा नियमावलीतथा अन्य प्रचलित ऐन नियम अनुसार हुनेछ । साथै यस सम्वन्धी प्रकाशित सूचना पनि यसै निवेदनको अभिन्न अंग मानिनेछ ।

# मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान
हेटौंडा

घर भाडाको लागि प्रस्तावित मूल्य

| सि.नं. | विवरण | ईकाई | संख्या | प्रस्तावित घरभाडा | |
|---|---|---|---|---|---|
| | | | | अङ्कमा | अक्षरमा |
| 1 | अतिथि गृह | प्रति महिना | १ | | |
| 2 | शैक्षिक कार्यक्रम भवन | प्रति महिना | १ | | |

फर्म वा कम्पनीको नामः-

घर धनीको नामः-

हस्ताक्षरः -

छापः-

मितिः-

माथि मैले दिएको र भरेको व्यहोरा ठीक साँचो छ । उक्त व्यहोरा फरक परेमा प्रचलित कानुन बमोजिम सजायको भागी हुन मेरो/हाम्रो सहमति भएको व्यहोरा अनुरोध गर्दछु ।

निवेदकको पुरा नाम, थर:

हस्ताक्षर:

अस्थायी ठेगाना:

फोन नं.

फ्याक्स:

निवेदकको फर्म/कम्पनिको नाम:

स्थायी ठेगाना:

फोन नं.

फ्याक्स:

फर्म/कम्पनीको छाप: